# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६० | काठमाडौं | सोमबार, ८ असार २०८३ | Prabhab National Daily | Monday, 22 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## काँठ क्षेत्र बन्यो 'बर्डफ्लु इपिसेन्टर'



- उपत्यकाको पनि काँठ क्षेत्र सर्वाधिक प्रभावित
- बर्डफ्लु नियन्त्रणमा आएन
- कुखुरादेखि जंगली पक्षीदेखि कागसम्म मरे
- बर्डफ्लुको नयाँ भेरियन्ट उत्परिवर्तन भएको शंका
- छ लाख कुखुरा र १० लाखभन्दा बढी अण्डा नष्ट
- उपत्यकामा कुखुराको मासुको खपत घट्यो
- कुखुरापालक किसानलाई ठूलो क्षति



यसपटकको बर्डफ्लु संक्रमणको फैलावट, जंगली चरामासमेत देखिएको संक्रमण र नियन्त्रणका प्रयासपछि पनि देखिएको निरन्तरताले केही फरक संकेत गरिरहेको छ । अहिले हामी भाइरसले आफ्नो स्वरूप परिवर्तन गरेको छ कि छैन भन्ने विषयमा अध्ययन गरिरहेका छौं ।

**उमेश दाहाल**
महानिर्देशक, पशु सेवा विभाग

**जेबी योञ्जन**

**काठमाडौं–** मुलुकमा फैलिएको बर्डफ्लु (एभियन इन्फ्लुएञ्जा) संक्रमणको इपिसेन्टर काठमाडौं उपत्यका भएको पाइएको छ । व्यावसायिक कुखुरापालन फार्मदेखि जंगली पक्षी र कागसम्ममा संक्रमण पुष्टि भएपछि पशु स्वास्थ्य अधिकारीहरू थप सतर्क बनेका छन् । संक्रमणको फैलावट, नियन्त्रणका प्रयास र अपेक्षाअनुसार कमी नआएको अवस्थाले पशु सेवा विभागलाई भाइरसमा नयाँ उत्परिवर्तन (म्युटेसन) वा नयाँ भेरियन्टको सम्भावनाबारे अध्ययन गर्न बाध्य बनाएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो बर्डफ्लु संक्रमण गत चैत ४ गते कोशी प्रदेशस्थित मोरङ जिल्लाका सुन्दरहरैंचा-४ र उर्लाबारी-८ मा पुष्टि भएको थियो । त्यसयता संक्रमण विस्तारै विभिन्न जिल्लामा फैलिँदै अन्ततः काठमाडौं उपत्यकालाई मुख्य केन्द्र बनाएको पाइएको हो । अहिले काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न स्थानमा संक्रमण पुष्टि भइसकेको छ ।

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार हाल देशभर देखिएका कूल संक्रमणमध्ये ९० प्रतिशतभन्दा बढी हिस्सा काठमाडौं उपत्यकामै केन्द्रित छ । संक्रमण नियन्त्रणका लागि सरकारी संयन्त्र परिचालन भए पनि अपेक्षाकृतरूपमा संक्रमण घट्न नसक्दा थप अनुसन्धान आवश्यक भएको उनले बताए ।

उनले प्रभावसँग भने, 'यसपटकको बर्डफ्लु संक्रमणको फैलावट, जंगली चरामासमेत देखिएको संक्रमण र नियन्त्रणका प्रयासपछि पनि देखिएको निरन्तरताले केही फरक संकेत गरिरहेको छ ।

क्रमशः पृष्ठ २ मा

रास्वपा महाधिवेशन

# रवि–वालेन्द्रले दिए एकताको सन्देश गुटको बीउ नरोप्न चेतावनी



समूह बनाउने पछाडि नलाग्नुहोला । अहिले नै त्यस्तो बीउ नरोपौं, जुन भोलि रूख बनेर पार्टीलाई बीचबाट चिरोस् । यस्तो बीउ रोप्ने र यस्तो रूख हुर्काउने काम हामी नगरौं ।

**वालेन्द्र शाह**
प्रधानमन्त्री तथा वरिष्ठ नेता, रास्वपा



आज गुट र उपगुटको राजनीति गर्ने प्रचलन कतै हामीभित्र पनि नपसोस् । यदि हामीले गुटबन्दीको बीउ रोप्यौं भने त्यसले भोलि विषालु फल दिने छ । वरिष्ठ नेताज्यूले भन्नुभएझैं, त्यस्तो अवस्था आएमा हामीले त्यो वृक्ष नै काट्नुपर्ने हुन सक्छ ।

**रवि लामिछाने**
सभापति, रास्वपा



रवि ठूलो कि वालेन्द्र भनेर खेल्न सक्ने हुन सक्छ, तपाईंहरूको एकतामा नै रास्वपाको पाँच वर्षको भविष्य सुनिश्चित छ ।

**डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री



चितवनको भरतपुरस्थित गेस्टहाउसचौरमा आइतबार प्रथम महाधिवेशनको उद्घाटन गर्दै रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाह । *तस्बिरः रासस*

**प्रभाव संवाददाता**

**काठमाडौं–** गत २१ फागुनको निर्वाचनबाट १८२ सिटसहित दुईतिहाइ नजिकको सरकार बनाएको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रस्ट तीन गुट देखिएको छ । ती गुट हुन् सभापति रवि लामिछाने समूह, वरिष्ठ नेता एवं प्रधानमन्त्री वालेन्द्र शाह समूह र अर्को अर्थमन्त्री डा. स्वर्णिम वाग्ले समूह ।

यी तीन समूहमा विशेषगरी पार्टी स्थापनाकालदेखिका नेताहरू लामिछाने समूहमा छन् भने कांग्रेसबाट रास्वपामा प्रवेश गरेका अधिकांश स्वर्णिम समूहमा । बाँकी युवाहरूको समूह भने प्रधानमन्त्री शाहको समूहमा छन् ।

सरकार गठनपछि प्रधानमन्त्री शाहले एकलौटी शैलीमा शासन अघि बढाउनुका साथै लामिछाने समूहका कुनै पनि सांसद र नेताले मन्त्रीहरूसँगसमेत भेट्न पाइरहेका छैनन् । सांसदहरू र नेताहरू उकुसमुकुसलाई लिएर पहिलो महाधिवेशनमा चितवनमा जुटिरहँदा सभापति लामिछाने र वरिष्ठ नेता शाहले पार्टीभित्र गुट उपगुट नगर्न चेतावनी दिएका छन् ।

चितवनको भरतपुरस्थित गेस्ट हाउसचौरमा आइतबार भएको महाधिवेशनको उद्घाटन समारोहमा सम्बोधन गर्दै रास्वपा वरिष्ठ नेता एवं प्रधानमन्त्री शाहले गुटको बीउ नरोप्न चेतावनी दिए । 'पार्टीको महाधिवेशनमा पहिलेदेखि एउटा संस्कार बिग्रँदै गएको थियो- गुट बनाउने, उपगुट बनाउने । यहाँ महाधिवेशन प्रतिनिधि हुनुहुन्छ, केन्द्रीय सदस्य उठ्ने सोचमा हुनुहुन्छ, पदाधिकारी बन्ने सोचमा हुनुहुन्छ । तपाईंहरूलाई एउटा कुरा स्पष्टरूपमा भन्न चाहन्छु- राम्रो नेता बन्न र राम्रो राजनीतिज्ञ बन्न जनताको आस्था र माया जित्नुपर्छ ।

क्रमशः पृष्ठ २ मा

## आज बन्दसत्र, चुनिँदै नयाँ नेतृत्व

चितवनको भरतपुरस्थित गेस्ट हाउसचौरमा उद्घाटन सत्र सम्पन्न गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को बन्दसत्र चितवन उद्योग वाणिज्य संघको भवनमा हुँदै छ । बन्दसत्र आज बिहान ८ बजेदेखि सुरू हुने तय भएको छ । आइतबार साँझ नै सुरू हुने भनिएको बन्दसत्र महाधिवेशन प्रतिनिधि व्यवस्थापन नटुंगिएका कारण आज बिहानका लागि सारिएको हो ।

बन्दसत्रमा केन्द्रीय समितिबाट पारित भएको विधान संशोधन प्रस्ताव, सांगठनिक तथा राजनीतिक प्रतिवेदन, आर्थिक प्रतिवेदनहरू पेस गर्ने कार्यक्रम छ । निर्वाचन आयोगले दिउँसो १ बजेदेखिमात्रै औपचारिक निर्वाचनको कार्यक्रम थाल्ने तयारी गरेको केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले बताए । रास्वपाको महाधिवेशनमा उपस्थित भएका र प्रवासमा रहेका गरेर चार हजारभन्दा बढी प्रतिनिधि छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## रोजगार अवधि पूरा नगरी कोरियाबाट फर्किने क्रम बढ्दै

**काठमाडौं (प्रस)–** पछिल्लो समय रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत दक्षिण कोरिया पुगेका श्रमिकहरू रोजगार अवधि पूरा नगरी फर्कने क्रम बढ्न थालेको छ । त्यहाँको रोजगार तथा श्रम मन्त्रालयले पछिल्लो तीन वर्षमा ई-९ भिसाअन्तर्गत कोरिया प्रवेश गरेकामध्ये नौ हजार ७२१ जना विदेशी श्रमिकले बीचमै मुलुक छोडेको जनाएको छ । यो संख्या सन् २०२३ देखि २०२६ को अप्रिलसम्मको रहेको जनाइएको छ ।

दक्षिण कोरियाले इपिएस प्रणालीमार्फत नेपालसहित १७ वटा मुलुकबाट कामदार लैजाँदै आएको छ । कामदार र रोजगारदातालाई एकअर्काबारे पर्याप्त जानकारी नहुँदा कम्पनी छोड्ने क्रम बढ्दो रहेको सोल इकोनोमिक डेलीले जनाएको छ । कम्पनी छोडिसकेपछि तीन महिनाभित्र काम नपाउने कामदारले घर फर्किनुपर्ने व्यवस्थाका कारण यस्तो संख्या बढ्न थालेको बताइएको छ ।

सन् २०२३ मा एक हजार ८९९ जना यसरी फर्किएकामा गत वर्ष यस्तो संख्या तीन हजार ७०८ पुगेको कोरियाको सरकारी तथ्यांक छ । यस वर्षको पहिलो चार महिनामै एक हजार ३०९ जना फर्किएका छन् । यस वर्षको अन्त्यमा गत वर्षको भन्दा धेरै कामदार फर्किने अनुमान गरिएको छ ।

कामदारहरू घर फर्किने क्रम अचानक बढ्नुमा इपिएस प्रणालीको संरचनात्मक समस्या कारक रहेको विश्लेषण गरिएको छ । इ-९ भिसामार्फत कामदार कोरिया प्रवेश गर्नुअघि नै कम्पनी तोकिन्छ । तर तलब स्तर, बसोबास र कामको दबाबजस्ता विषयमा सीमित जानकारीमात्र पाउँछन् ।

क्रमशः पृष्ठ २ मा







पृष्ठ १ बाट क्रमशः

## रवि–वालेन्द्रले...

कुनै समूहको मायाले हुँदैन,' उनले भने, 'त्यसैले समूह बनाउने पछाडि नलाग्नुहोला । अहिले नै त्यस्तो बीउ नरोपौं, जुन भोलि रुख बनेर पार्टीलाई बीचबाट चिरोस् । यस्तो बीउ रोप्ने र यस्तो रुख हुर्काउने काम हामी नगरौं ।'

प्रधानमन्त्री शाहले पार्टीलाई एकै बनाइराख्नसमेत निर्देशन दिए । 'पार्टी भनेको एकै ठाउँमा राख्ने कुरा हो । पार्टीलाई एक बनाइराख्नुपर्छ । आज, भोलि र पर्सी हामी पार्टीको बारेमा सोचौं, त्यसपछि आगामी पाँच वर्ष देशको बारेमा सोचौं,' उनले भने ।

प्रधानमन्त्री शाहको सम्बोधनलगत्तै रास्वपा सभापति लामिछानेले पनि उनकै शैलीमा गुटबन्दीको बीउ नरोप्न आग्रह गरे । 'आज गुट र उपगुटको राजनीति गर्ने प्रचलन कतै हामीभित्र पनि नपसोस् । यदि हामीले गुटबन्दीको बीउ रोप्यौं भने त्यसले भोलि विषालु फल दिने छ । वरिष्ठ नेताज्यूले भन्नुभएझैं, त्यस्तो अवस्था आएमा हामीले त्यो वृक्ष नै काट्नुपर्ने हुन सक्छ,' लामिछानेले भने ।

उनले सरकारको नेतृत्वमा वालेन्द्र नै रहने र पार्टीमा कुनै हालतमा फुट नआउनेसमेत ठोकुवा गरे । 'सरकार सञ्चालनका लागि रास्वपाले चुनावअघि नै वरिष्ठ नेता वालेन्द्र शाहको खुट्टामा बल पुऱ्याइसकेको छ । अब गोल गर्ने जिम्मा वालेन्द्रजीकै हो । उहाँले यसलाई निरन्तरता दिइरहनुभएको छ । झुक्किएर कतै त्यो बल मतिर आएछ भने पनि म त्यसलाई उहाँकै खुट्टामा पास गरिदिने छु । यहाँ चुक्ली लगाउने र मुख मिठ्याउनेहरू धेरै छन्, तर म उनीहरूलाई होइन, इतिहासलाई जवाफ दिन उभिएको हुँ,' लामिछानेले भने, 'पद र गुटका लागि लाग्यौं भने इतिहासले धिक्कार्ने छ ।'

### गगन र प्रदीपलाई वालेन्द्रको जवाफ

कार्यक्रममा नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले रास्वपालाई सम्हालिन सुझाव दिएका थिए । रास्वपाको कार्यशैलीमाथि प्रश्न गर्दै ज्ञवालीले भनेका थिए, 'गाडीमा एक्सिलेटरसँगै ब्रेक पनि राखिन्छ । यदि एक्सिलेटरमात्र थिचियो र ब्रेक थिचिएन भने दुर्घटना हुनसक्छ । रास्वपाले पनि आफ्नो गतिसँगै सन्तुलन (ब्रेक) को ख्याल गरोस् ।'

जवाफमा वालेन्द्रले सरकार एक्सप्रेस वे (द्रुतमार्ग)मा हिँडिरहेको गाडी भएको बताए । 'गाडीमा एक्सिलेटरमात्र होइन, ब्रेक पनि हुन्छ र ब्रेक पनि लगाउनुपर्छ भनेर चिन्ता व्यक्त गर्नुभएको छ । त्यस्तो चिन्ताचाहिँ लोकल रोडमा हिँड्ने गाडीका लागि हुन सक्छ । त्यहाँ कहिले बायाँबाट गाडी आउँछ, कहिले दायाँबाट मान्छे आउँछन्,' प्रधानमन्त्री शाहले भने, 'तर हाम्रो गाडी लोकल रोडमा हिँडेको गाडी होइन, एक्सप्रेस–वेमा हिँडेको गाडी हो । गन्तव्यमा पुगेपछिमात्रै ब्रेक लाग्छ । गन्तव्यमा पुग्नुअघि ब्रेक लगाउन जरुरी हुँदैन ।'

यतिमात्र हैन ज्ञवालीले पार्टीको विचार र सिद्धान्त पनि प्रस्ट पार्न सुझाएका थिए । यो प्रश्नको पनि वालेन्द्रले नै जवाफ फर्काउँदै रास्वपा विकासवादी पार्टी भएको तर्क अघि सारे । 'हाम्रो पार्टीको चिन्तन लेफ्ट हो, राइट हो कि सेन्टर हो भनेर धेरै चिन्ता गरिराख्न पर्दैन । हाम्रो पार्टी विकासवादी पार्टी हो । विकास गर्ने र काम गर्ने पार्टी हो । हाम्रो पार्टी अगाडि बढ्ने पार्टी हो । प्रतिशोध साँध्ने र पुराना कुरामा अल्झिएर निहुँ खोज्दै बस्ने पार्टी होइन,' उनले भने ।

निहुँ खोज्नुपर्ने अवस्था यसअघि गरेका फटाही, सरकारी सम्पत्ति र जग्गाको दुरूपयोग गर्नेसँग हुने भन्दै उनले अख्तियारसँग पाँच घण्टामात्र हैन पाँच वर्ष पनि सोधपुछ गर्ने उनले बताए । तर, नियम मिच्ने काम आफ्नो पार्टी र सरकारले नगर्ने दाबीसमेत प्रधानमन्त्री शाहले गरे ।

नेपाली कांग्रेसका सभापति गगन थापाले सीमासम्बन्धी राखेको प्रश्नमा प्रधानमन्त्री वालेन्द्रले आफूहरूसँग प्रमाण भएको दाबी गरे । 'हामीले सीमाको विषयमा बोल्दा जुनसुकै देशसँग कुरा गर्दा उहाँहरू (भारत)ले पनि आफ्नो आपत्ति जनाउनुहुन्छ । आपत्ति जनाउनुभयो,' वालेन्द्रले भने, 'मलाई अचम्म लाग्यो । ल, ठीक छ, तपाईंहरूसँग प्रमाण छ भने ल्याउनुस्, हामीसँग पनि प्रमाण छ । हामीसँग कालापानी र लिपुलेकको प्रमाण छ । र, त्यो प्रमाण ल्याउनका लागि ब्रिटिस शासनकालका अभिलेख खोज्नुपर्छ भने हामी खोज्छौं । हामीले ब्रिटिसलाई मध्यस्थकर्ता बनाउन खोजेका होइन । हामी हाम्रा छिमेकीसँग आफैं कुरा गरेर समस्या समाधान गर्छौं । हामीसँग प्रमाण छ र हामी त्यो प्रमाण प्रस्तुत गर्छौं ।'

### उद्घाटन सत्रमा कसले के भने ?

रास्वपा महाधिवेशनको उद्घाटन समारोहमा कांग्रेस सभापति थापा, एमाले नेता ज्ञवाली, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुन, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत पार्टीका अध्यक्ष सिके राउत पुगेका थिए ।

शुभकामना मन्तव्य दिँदै कांग्रेस सभापति थापाले आफूहरू रास्वपाको दुस्मन नभएको बताए । 'नेपाली कांग्रेस रास्वपाको प्रतिस्पर्धी हो, दुस्मन होइन । हामी प्रतिस्पर्धा गर्ने हो । हामी अग्लो हुन चाहन्छौं,' सभापति थापाले भने, 'तपाईंहरूको अग्लाइ देखेर लोभ लागेको छ । हामी तपाईंहरूभन्दा अग्लो हुन चाहन्छौं । बन्छौं पनि एक दिन ।'

पूर्वप्रधानमन्त्री डा. भट्टराईले पार्टी फुटाउने खेल हुन सक्नेतर्फ सचेत गराए । 'रवि ठूलो कि वालेन्द्र भनेर खेल्न सक्ने हुन सक्छ, तपाईंहरूको एकतामा नै रास्वपाको पाँच वर्षको भविष्य सुनिश्चित छ,' बाबुरामले भने । उनले राजनीतिक स्थिरता १०–१५ वर्षसम्म होस् भन्ने चाहना आफूले राखेको पनि बताए ।

एमाले नेता ज्ञवालीले रास्वपाको पछिल्लो गति हेर्दा लोकतन्त्र सुरक्षित नरहने हो कि भन्ने आशंका जन्मिएको बताए । 'हामी चाहन्छौं ती घटना अपवाद बनुन् । रास्वपाको हातमा जनताले लोकतन्त्र सुरक्षित होस् भन्न चाहान्छु,' ज्ञवालीले भने ।

नेकपाका नेता पुनले क्रान्ति, परिवर्तन र समाज रूपान्तरणका साथै सुशासनको मुद्दामा रास्वपालाई आफ्नो पार्टीको समर्थन रहेको बताए । नेता पुनले क्रान्ति, परिवर्तन र समाज रूपान्तरणका एजेण्डामा नेकपा रास्वपासँग नजिक रहेको र सुशासनको एजेण्डामा समानता रहेको बताए । जसपाका अध्यक्ष यादवले रास्वपाको महाधिवेशनबाट नयाँ युगको थालनी हुने बताए । 'अब मुलुक पहिलेका विकृति र विसंगतिलाई त्यहीं छाडेर नयाँ दिशामा जाने र लैजाने अवसर रास्वपालाई प्राप्त भएको छ, यो महाधिवेशनले नयाँ युगको थालनीका लागि महत्त्वपूर्ण सावित हुने छ,' यादवले भने ।

जनमतका अध्यक्ष राउतले भने प्रधानमन्त्री शाहको प्रशंसा गरे । 'प्रधानमन्त्रीप्रति जनताको यस्तो माया इतिहासमा कहिल्यै देखिएको थिएन । यस्तो स्मार्ट, ड्यासिङ, इन्टेलिजेन्ट युवा हामीले पाएका छौं । हाम्रो प्रधानमन्त्री अलग हि लेभलका बन्दा है । उहाँ समस्याभन्दा माथि पुगेर समाधान कसरी गर्ने भनेर सोच्नुहुन्छ,' राउतले भने ।

राप्रपा अध्यक्ष लिङ्देनले राजा चाहिन्छ भन्नेहरूले पनि रास्वपालाई मत हालेको तर्क अघि सारे । 'राजा चाहिन्छ भन्नेहरूको भोट पनि तपाईंहरूलाई छ । राजा चाहिन्छ भन्ने पार्टी राप्रपा हुँदाहुँदै वालेन्द्रले राजा ल्याउँछ भनेर तपाईंहरूलाई भोट दिएका छन् । तपाईंहरूको विशिष्ट जिम्मेवारी छ । जनताको यो विशिष्ट चाहनालाई सम्बोधन गर्नुपर्ने छ,' लिङ्देनले भने, 'यो संविधानमा सुधार नगरिकन देश अगाडि बढ्दैन । तपाईंहरूसित ऐतिहासिक अवसर छ ।'

■■■

## आज बन्दसत्र...

पहिलो चरणमा एक जना पार्टी सभापति र ९९ जना केन्द्रीय सदस्यका लागि मतदान हुने छ । ९९ जना निर्वाचित प्रतिनिधिहरूबाट सभापतिबाहेकका बाँकी पदाधिकारी पदमा उम्मेदवारी दिन सक्ने छन् ।

रास्वपाको १५१ सदस्यीय केन्द्रीय कमिटीमा सभापतिले ५० जना केन्द्रीय सदस्य मनोनीत गर्ने विधान प्रस्ताव गरिएको छ । पार्टी सभापतिले उपसभापति एक, महामन्त्री एक, सहमहामन्त्री एक, कोषाध्यक्ष एक, सहकोषाध्यक्ष एक, प्रवक्ता एक र सहप्रवक्ता एक जना मनोनीत गर्ने छन् । बन्दसत्रको हलले विधान हेरफेर गरी संशोधन गरे केन्द्रीय समितिको संख्या घटबढ हुने बताइएको छ ।

■■■

## काँठ क्षेत्र...

अहिले हामी भाइरसले आफ्नो स्वरूप परिवर्तन गरेको छ कि छैन भन्ने विषयमा अध्ययन गरिरहेका छौं ।'

त्यसका लागि जेनेटिक सिक्वेन्सिङ प्रक्रिया अघि बढाइएको उनले बताए । यसपटकको संक्रमणलाई अघिल्लो वर्षहरूमा फैलिएको प्रकोपभन्दा फरक बनाउने एउटा महत्त्वपूर्ण पक्ष भनेको जंगली पक्षी र विशेषगरी कागमा संक्रमण पुष्टि हुनु हो । काठमाडौंका विभिन्न स्थानमा मृत फेला परेका कागहरूको परीक्षण गर्दा बर्डफ्लु पुष्टि भएपछि संक्रमण वातावरणीय रूपमा पनि फैलिएको पशु स्वास्थ्य विज्ञहरू बताउँछन् ।

व्यावसायिक फार्मभित्र मात्र सीमित रहने संक्रमण खुला वातावरणमा रहेका पक्षीमासमेत देखिएपछि नियन्त्रण कार्य झनै जटिल बनेको छ । जंगली चराको आवतजावत नियन्त्रण गर्न नसकिने भएकाले भाइरस फैलिने जोखिम बढेको विभागको निष्कर्ष छ ।

डा. दाहालले भने, 'फार्मभित्र जैविक सुरक्षा कडा बनाउन सकिन्छ । तर खुलारूपमा उड्ने चराचुरुंगी र कागहरूमा संक्रमण देखिएपछि जोखिमको दायरा फराकिलो हुन्छ ।'

### काँठ क्षेत्र बढी प्रभावित

संक्रमणको भौगोलिक विश्लेषण गर्दा काठमाडौं उपत्यकाको सहरी केन्द्रभन्दा काँठ क्षेत्र र सहरोन्मुख बस्तीहरू बढी प्रभावित देखिएका छन् । विभागका अनुसार काठमाडौंको बुढानीलकण्ठ, गोकर्णेश्वर, शंखरापुर, टोखा, चन्द्रागिरि र कीर्तिपुर क्षेत्रमा संक्रमणको प्रभाव उल्लेख्य रहेको छ । भक्तपुरको सल्लाघारी, चाँगुनारायण र सूर्यविनायक तथा ललितपुरको गोदावरी र इमाडोल क्षेत्रमा पनि संक्रमण पुष्टि भएको छ । उपत्यकाबाहिर काभ्रेपलाञ्चोक र चितवनका केही व्यावसायिक फार्ममासमेत संक्रमण देखिएको छ । विभागका अनुसार यी क्षेत्रहरूमा व्यावसायिक कुखुरापालनसँगै स्थानीय रैथाने कुखुरा पाल्ने चलन बढी छ ।

हालसम्म संक्रमण नियन्त्रणका लागि भन्दै छ लाख कुखुरा र १० लाखभन्दा बढी अण्डा नष्ट गरिएको विभागले जनाएको छ । दुई लाख सात हजार किलोभन्दा बढी दाना र फिड सामग्री नष्ट गरिएको छ । संक्रमण पुष्टि भएका फार्मलाई तत्काल सिल गरेर त्यहाँ रहेका सबै पक्षी तथा सामग्री वैज्ञानिक विधिबाट नष्ट गर्ने प्रक्रिया अपनाइएको छ ।

यो अभियानका कारण पोल्ट्री क्षेत्रले ठूलो आर्थिक क्षति बेहोरेको छ । संक्रमणको असर बजारमा देखिएको छ । यससम्बन्धी समाचार सार्वजनिक भएपछि कुखुराको मासुको खपत घटेको छ । राष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघका अध्यक्ष जंगबहादुर बिसीका अनुसार काठमाडौं उपत्यकामा कुखुराको मासु खपत २० देखि ३० प्रतिशतसम्म घटेको छ । उनले काठमाडौं उपत्यकामा दैनिक ६० देखि ९० हजार किलोसम्म बिक्री हुने गरेकोमा अहिले निकै घटेको बताए ।

बर्डफ्लु पशुपक्षीबाट मानिसमासमेत सर्न सक्ने रोग मानिन्छ । यद्यपि, हालसम्म नेपालमा मानिसमा संक्रमण पुष्टि भएको कुनै घटना छैन । पशु सेवा विभागले कुनै फार्ममा संक्रमण पुष्टि हुनासाथ स्वास्थ्य मन्त्रालयलाई जानकारी दिने र प्रभावित क्षेत्रका मानिसहरूको स्वास्थ्य निगरानी गर्ने व्यवस्था मिलाएको जानकारी दिएको छ ।

■■■

## रोजगार अवधि...

त्यस्तै रोजगारदातालाई पनि कामदारको सीप स्तर, उक्त मुलुकमा बस्ने इच्छालगायतको अनुमान गर्न कठिन हुन्छ । यसर्थ कामदार र रोजगारदाताको अपेक्षा नमिल्दा कम्पनी परिवर्तन गर्ने सम्भावना बढेको जनाइएको छ ।

कामदारहरू सोल महानगर क्षेत्रका कार्यस्थललाई प्राथमिकता दिने हुँदा मूल रोजगारदाता कम्पनीलाई सेतुका रूपमा प्रयोग गर्ने प्रवृत्ति बढेको त्यहाँका कम्नीहरूले बताउने गरेका छन् । यसले कम्पनीको पर्खने समय, आवासको व्यवस्था, प्रशिक्षण खर्च आदिमा धेरै नोक्सानी हुने जनाइएको छ ।


**युएइमा रोजगार** कम्पनी : TECHNICAL ACCESS SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/07 | LT. No. 321362 | चलानी नं. ६०२३५४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafflolder | 44 | 0 | 1200 | ४८,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: AKH Traning Center काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**साउदीमा रोजगार** कम्पनी : Abdullah Abdulaziz Al Rajhi industry factory

पूर्व स्वीकृति मिति : २०८३/०१/२९ | LT. No. 341968 | चलानी नं. ६०२५७०६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing and Packaging Worker | 2 | 0 | 1000 | ४०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


WORLD VIEW International Human Resurces (Pvt.) Ltd.
Govt. License 962/067/068
Anandnagar Dhumbarahi-4, Kathmandu, Nepal
Telephone: + 977-01-4435445, 4437446, E-mail : worldview.internationalhr@gmail.com, URL : www.worldview.com



**मलेसियामा रोजगार** कम्पनी : WTEC SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/03/07 | LT. No. 340153 | चलानी नं. ६०२५३६०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 7 | 0 | 1700 | ६१,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १५ गते (29th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**कतारमा रोजगार** कम्पनी : ZENITH PLUS MAINTENANCE AND CONTRACTING SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८३/03/05 | LT. No. 343733 | चलानी नं. ६०२५७०६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter/metals | 3 | 0 | 1200 | ४९,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 3 | 0 | 1200 | ४९,७०४ | | | | | | | |
| 3. | Technical Material Handling Assista | 2 | 0 | 2200 | ९१,१२३ | | | | | | | |
| 4. | Welder | 2 | 0 | 1200 | ४९,७०४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, ८ असार, २०८३

| | |
|---|---|
| **मेष** | काममा नयाँ अवसर आउन सक्छ । आर्थिक पक्ष सामान्य रहनेछ । |
| **वृष** | मेहनतको फल मिल्ने समय । व्यापाररकाममा प्रगति सम्भव छ । |
| **मिथुन** | नयाँ योजना बनाउन अनुकूल समय । बोली र व्यवहारमा संयम राख्दा फाइदा हुनेछ । |
| **कर्कट** | परिवार र कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य राखेर अघि बढ्दा सफलता मिल्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । रोकिएका काम अघि बढ्ने सम्भावना छ । |
| **कन्या** | अध्ययन, सीप र काममा सुधारको अवसर । स्वास्थ्यमा ध्यान दिनुहोस् । |
| **तुला** | नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ । आर्थिक निर्णय सोचेर लिनु राम्रो । |
| **वृश्चिक** | मेहनतले सफलता दिलाउन सक्छ । गोप्य कुरा धेरैसँग साझा नगर्नुहोस् । |
| **धनु** | यात्रा वा नयाँ कामको अवसर आउन सक्छ । सकारात्मक सोचले फाइदा हुनेछ । |
| **मकर** | जिम्मेवारी बढ्ने दिन । योजनाबद्ध काम गर्दा राम्रो परिणाम आउन सक्छ । |
| **कुम्भ** | सिर्जनात्मक काममा सफलता मिल्न सक्छ । सम्बन्धमा समझदारी आवश्यक छ । |
| **मीन** | नयाँ अवसर र सहयोग प्राप्त हुन सक्छ । भावनामा भन्दा व्यवहारिक निर्णय राम्रो । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

८ असार, २०८३ (२२ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.६२ | १५१.२२ |
| युरो | १ को | १७२.६६ | १७३.३४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.३४ | २००.१३ |
| स्विस फ्रेन्क | १ को | १८६.७६ | १८७.५० |
| अस्ट्रेलियन डलर | १ को | १०५.६१ | १०६.०४ |
| क्यानाडियन डलर | १ को | १०६.४६ | १०६.८९ |
| सिङगापुर डलर | १ को | ११६.६५ | ११७.११ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | २२.२५ | २२.३४ |
| साउदी अरब रियाल | १ को | ४०.१३ | ४०.२९ |
| कतारी रियाल | १ को | ४१.३५ | ४१.५२ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०१ | ४१.१७ |
| मलेसियन रिङेट | १ को | ३६.४१ | ३६.५५ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १५.७३ | १५.७९ |
| डेनिस क्रोनर | १ को | २३.१० | २३.१९ |
| हङकङ डलर | १ को | १९.२१ | १९.२९ |
| कुवेती दिनार | १ को | ४९०.१४ | ४९२.०९ |
| बहराइन दिनार | १ को | ३९९.५२ | ४०१.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# मनाइयो अन्तर्राष्ट्रिय योग दिवस



**काठमाडौं (प्रस)–** 'स्वस्थ वृद्धावस्थाका लागि योग' नाराका साथ आइतबार अन्तर ाष्ट्रिय योग दिवस मनाइएको छ । सोही अवसरमा शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत गठित मूल समारोह समितिले योगाभ्याससहित प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।

त्यस अवसरमा मुख्यसचिव सुमनराज अर्यालले राष्ट्रिय रूपमा योग, ध्यान र आरोग्य दिवस मनाउने निर्णय गरिसकेको बताए । विद्यालय तहदेखि नै योग, ध्यान र आरोग्यका पाठ्यक्रम तर्जुमा गरी पठनपाठन पनि सुरु भइसकेको उनले जानकारी गराए । योगको धेरै प्रचारप्रसार भए पनि जनमानसले धेरै फाइदा लिन नसकेकाले अब त्यसतर्फ लैजान जागरण सुरु भइसकेको मुख्यसचिव अर्यालले बताए ।

मन्त्रालयका सचिव चुडामणि पौडेलले स्वस्थ र निरोगिताका लागि नियमितरूपमा योगाभ्यास गर्नुपर्नेमा जोड दिए । मानसिकरूपमा स्वस्थ रहेर समाज र राष्ट्रलाई पनि स्वस्थ बनाउन योगले सहयोग गर्ने उनको भनाइ थियो ।

जीवन विज्ञान नेपालका एलपी भानु शर्माले शारीरिक, मानसिक, आध्यात्मिक दुःख निवारणका साथै समृद्धिका माध्यमका रूपमा अघि बढाउनुपर्ने भनाइ राखे । नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघले आरोग्य दिवसको घोषणा गरेको जानकारी पनि उनले दिए ।

अन्तर्राष्ट्रिय योग दिवस हरेक वर्ष जुन २१ तारिखका दिन विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी मनाइन्छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१४ मा गरेको निर्णय अनुसार सन् २०१५ जुन २१ देखि अन्तर्राष्ट्रिय योग दिवस मनाउन थालिएको हो ।

# दाइजोमुक्त समाज निर्माणमा उपसभामुख ठाकुरको जोड



**रौतहट (प्रस)–** प्रतिनिधिसभाकी उपसभामुख रुवीकुमारी ठाकुरले दाइजोमुक्त समाज निर्माण गर्नुपर्नेमा जोड दिएकी छन् । दाइजोमुक्त समाज निर्माण अभियानमा रहेकी उनले सामाजिक कुरीतिको रूपमा रहेको दाइजोप्रथा अन्त्य गर्नुपर्ने बताइन् ।

गत शुक्रबार रौतहटको फतुवा विजयपुर-४ टेंग्राहामा आयोजित दाइजोमुक्त विवाह समारोहमा सहभागी हुने क्रममा उनले सो कुरा बताएकी हुन् । उपसभामुख ठाकुरले दाइजोमुक्त विवाह गर्ने जोडीलाई सम्मानपत्र दिएर सम्मानसमेत गरेकी थिइन् ।

'दाइजोमुक्त विवाह केवल दुई व्यक्तिको वैवाहिक बन्धनमात्र नभई समाज परिवर्तनको महत्त्वपूर्ण आधार हो,' उक्त विवाह समारोहमा उपसभामुख ठाकुरले भनिन्, 'दाइजोप्रथा जस्तो सामाजिक कुरीति अन्त्य गर्न युवापुस्ताले अघि बढाएको यस्तो साहसी र प्रेरणादायी कदमले समाजमा समानता, सम्मान र न्यायको सन्देश प्रवाह गर्ने छ ।'

उनले दाइजो प्रथाले परिवार र समाजमा आर्थिक, मानसिक तथा सामाजिक दबाब सिर्जना गर्ने भएकाले यसको अन्त्य आजको आवश्यकता भएको बताइन् । दाइजोमुक्त समाज निर्माणबाट मात्र सभ्य, समतामूलक र समृद्ध राष्ट्र निर्माण सम्भव हुने उनको धारणा थियो ।

उपसभामुख ठाकुरले देशलाई दाइजोमुक्त बनाउने अभियानमा सबै समुदाय, अभिभावक, युवा तथा सरोकारवालाहरू एकजुट भएर लाग्नुपर्नेमा जोड दिइन् । 'दाइजोमुक्त विवाहलाई सामाजिक रूपान्तरणको अभियानका रूपमा अगाडि बढाउनुपर्छ । यस्ता उदाहरणीय कार्यले नयाँ पुस्तालाई सकारात्मक सन्देश दिनेमा विश्वस्त छु,' उनले भनिन् ।

# विदेश पठाइदिने बहानामा ठगी गर्ने सात जना पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै लाखौं रकम रकम ठगी गरेको अभियोगमा सात जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा अर्घाखाँचीका २८ वर्षीय सन्तोष अधिकारी, दाङका २९ वर्षीय हेमन्त केसी, सुनसरी घर भएका ४२ वर्षीय सुकदेव राई, सोही नगरपालिका-३ बस्ने सुनसरीका ३४ वर्षीय मनिष पोदार, रूपन्देहीका ४७ वर्षीय रामरतन मिश्र, कास्कीका ३९ वर्षीय अमृत अधिकारी र रौतहटका ३५ वर्षीय मिर इसलामाना रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुरतकुमार थापा क्षेत्रीले जानकारी दिए ।

पक्राउ परेकामध्ये सन्तोषले ग्रिस पठाइदिन्छु भन्दै १० लाख रूपैयाँ, हेमन्तले क्रोएसिया पठाइदिन्छु भन्दै १३ लाख ३० हजार रूपैयाँ, सुकदेवले सर्बिया पठाइदिन्छु भन्दै १३ लाख रूपैयाँ, मनिषले युके पठाइदिन्छु भन्दै दुई लाख रूपैयाँ, रामले युएई पठाइदिन्छु भन्दै दुई लाख ३० हजार रूपैयाँ, अमृतले अजरबैजान पठाइदिन्छु भन्दै तीन लाख ५० हजार र मिरले युके पठाइदिन्छु भन्दै १२ लाख ६३ हजार रूपैयाँ लिएर सम्पर्कविहीन भएको प्रहरीको भनाइ छ ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रवक्ता थापा क्षेत्रीले बताए ।

# फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव



**काठमाडौं (प्रस)–** सरोकारवालाले समावेशी तथा सुरक्षित सरसफाइ सेवा विस्तारमा नीतिगत अस्पष्टता, इजाजतपत्र प्राप्तिको जटिल प्रक्रिया तथा फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको बताएका छन् ।

आइतबार यहाँ आयोजित 'समावेशी सरसफाइ र सञ्चारमाध्यमको भूमिका' विषयक अन्तरक्रियामा निजी क्षेत्रका प्रतिनिधिहरूले मलमूत्र व्यवस्थापन क्षेत्रमा काम गर्न आवश्यक इजाजतपत्र प्राप्त गर्न कठिनाइ हुने, प्रशोधित वा संकलित फोहोर व्यवस्थापनका लागि उपयुक्त स्थानको अभाव रहने तथा नीतिगत स्पष्टता नहुँदा सेवा विस्तारमा समस्या भइरहेको गुनासो गरे ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका डा. रजित ओझाले नेपाल तथा अन्तर्राष्ट्रिय अभ्यासबारे प्रस्तुति दिँदै सुरक्षित र समावेशी सरसफाइ सेवा प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले सरसफाइ सेवाको वर्तमान अवस्था, तथ्यांक, चुनौती तथा विभिन्न देशमा निजी क्षेत्रको सहभागितामार्फत हासिल भएका उपलब्धिबारे जानकारी गराएका थिए ।

कार्यक्रमका सहभागीहरूले सुरक्षित तथा समावेशी सरसफाइ सेवा सुनिश्चित गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने नीतिगत व्यवस्था, लगानीमैत्री वातावरण तथा सञ्चारमाध्यममार्फत प्रभावकारी पैरवी आवश्यक बताएका थिए ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०९/१६ मा दर्ता भएको श्री **नेपाल हान्युक एग्रिकल्चर एण्ड फिसरी टेक्नोलोजी कोअपरेसन प्रा. लि. (प्रा. लि. नं. २०५५८९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०८**

**होटल एभरेष्ट नेपाल प्रा. लि.** को मिति २०८३/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माला स्विट्स ठमेल प्रा. लि. (दर्ता नं. १२५७४६)** कायम गर्ने गरी मिति २०८३/०३/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Mount Everest International Overseas Pvt. Ltd. (ईप.नं १४८१/०७४/०७५) मा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरूलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Citizenship No. | Post |
|---|---|---|---|
| 1. | Bishnu Bahadur Rana Magar | 167/5663 | PRO |
| 2. | Sudhan Aryal | 39-01-72-06219 | Documentation |
| 3. | Pallabi Gharti Magar | 54-02-75-00034 | Reception |

**Mount Everest International Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu N.P.- 3, Kathmandu, Bagmati, Nepal
Telephone No. 01 - 5906503
श्रम इजाजत नं. १४८१/०७४/७५

---

## ओमनमा रोजगार

कम्पनी : AZYAN FOR BUSINESS

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०७ | LT. No. 334623 | चलानी नं. ६०२४८४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।**

प्रेस भनेको ठूला घरानीया, दैनिक पत्रिका, रेडियो, टेलिभिजन चलाउनेहरू मात्र होइनन् साना लगानीका, सम्पादक, प्रकाशकले आफ्नो तलब, पेन्सन काटेर छपाइ गर्ने साप्ताहिक पत्रिका पनि हुन् र विचार प्रवाह, दृष्टिकोण निर्माणमा यी पत्रिकाहरू नै अब्बल रहेका छन् भन्ने दाबी पनि अस्वीकार गर्न सकिन्न । त्यसैले प्रेस स्वतन्त्रता कुनै सञ्चारगृह वा पत्रकारको विशेषाधिकार होइन, त्यो नागरिकको अधिकार हो । स्वतन्त्र सञ्चारमाध्यम कमजोर भए लोकतन्त्र कमजोर हुन्छ, लोकतन्त्र कमजोर भए नागरिकको स्वतन्त्रता कमजोर हुन्छ । त्यसैले आज उठेको प्रश्न विज्ञापनको भागबण्डाकोमात्र होइन, लोकतन्त्रको आत्माको रक्षा गर्ने कि त्यसलाई क्रमशः नियन्त्रणको घेरामा सीमित गर्ने भन्ने हो ।

नेपाल पत्रकार महासंघको आन्दोलनको सार पनि यही हो । राज्यका स्रोतमा समान पहुँच, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सूचनाको अधिकारको संरक्षण र स्वतन्त्र पत्रकारिताको अस्तित्वको रक्षा । यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने इतिहासले फेरि एकपटक सम्झाउने छ । प्रेसमाथिको नियन्त्रणको सुरुआत सधैं सानो निर्णयबाट हुन्छ, तर त्यसको परिणाम लोकतन्त्रका लागि अत्यन्त महँगो सावित हुन सक्छ ।

*(लेखक नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)*

पाठक मञ्च

## रास्वपा महाधिवेशन र जनताको म्याण्डेट

चितवनमा आइतबारदेखि सुरु भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो ऐतिहासिक महाधिवेशन राष्ट्रिय राजनीतिका लागि एउटा महत्त्वपूर्ण परिघटना हो । ७ असार २०७९ मा स्थापना भएको यो दलले नेपाली राजनीतिमा जुन रफ्तारमा आफ्नो स्थान बनायो, त्यो लोकतान्त्रिक इतिहासमै दुर्लभ मानिन्छ । तर, यो तीव्र गति र सफलता रास्वपाको संगठनात्मक जादूमात्र थिएन; बरु दशकौंदेखि पुराना दलहरूको बेथिति, भ्रष्टाचार, नातावाद र कुशासनबाट वाक्क भएका आमनेपाली जनताको आक्रोश, पीडा र परिवर्तनको हुटहुटीको प्रतिविम्ब थियो । पहिलोपटक विधिगतरूपमा नेतृत्व र नीति चयन गर्न महाधिवेशनमा होमिएको रास्वपाका प्रतिनिधि र नेतृत्वलाई म यस पत्रमार्फत जनताले दिएको त्यही 'मूल म्याण्डेट' नबिर्सन आग्रह गर्न चाहन्छु ।

स्थापनाको केही महिनामै रास्वपा संसद्मा चौथो ठूलो दल बन्नु र आज झण्डै दुईतिहाइको शक्तिशाली सरकारको नेतृत्व (प्रधानमन्त्री वालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेको समीकरण) सम्म आइपुग्नुको पछाडि जनताले कुनै व्यक्तिविशेषलाई पूजा गरेका होइनन्, बरु एक 'वैकल्पिक मार्ग' रोजेका हुन् । जनताले परम्परागत दलहरू जस्तै सत्ताको भागबण्डा, आन्तरिक गुटबन्दी, र शक्तिको लुछाचुँडी हेर्न रास्वपालाई मत दिएका थिएनन् । जनताको म्याण्डेट स्पष्ट थियो- सुशासन, कानुनी राज्य, भ्रष्टाचारको अन्त्य, र आमनागरिकको दैनिक जीवनमा महसुस हुनेगरी डेलिभरी ।

तर, पछिल्लो समय सत्ताको बागडोर सम्हालेपछि रास्वपाभित्र पनि पुराना दलहरूकै जस्तो रोग सर्न थालेको त होइन ? भन्ने आशंका आमनागरिकमा उब्जिएको छ । पार्टीभित्र विचारको विविधतालाई निषेध गर्ने, नेतृत्वसँग विमति राख्नेहरू बाहिरिनुपर्ने परिस्थिति निर्माण हुनु, र सभापति स्वयं सहकारीलगायतका कानुनी झमेलामा फस्दा सिंगो पार्टी 'डिफेन्सिभ' बन्नुले सुशासनको नारामाथि नै प्रश्न उठाएको छ । महाधिवेशनको पूर्वसन्ध्यामा पदाधिकारीको संख्या १९ सदस्यीय बनाइनु र सभापतिलाई ५१ जना केन्द्रीय सदस्य मनोनीत गर्न पाउनेगरी विशेषाधिकार दिनुले यो पार्टी पनि बिस्तारै 'केन्द्रीकृत र व्यक्तिवादी' बन्दै गएको त होइन भन्ने संशय पैदा गरेको छ ।

महाधिवेशन केवल नेता छान्न वा पदाधिकारीको भागबण्डा मिलाउनमात्र आयोजना गरिने थलो होइन । रास्वपाले यस महाधिवेशनलाई आफ्नो नीति, राजनीतिक कार्यदिशा र मार्गनिर्देशक सिद्धान्त स्पष्ट पार्ने अवसरका रूपमा लिनुपर्छ । वैदेशिक रोजगारीको चक्रव्यूहमा फसेका लाखौं नेपाली युवाका पीडा, मुलुकभित्रै रोजगारीको अभाव, थला परेको अर्थतन्त्र, र मौलाउँदो दण्डहीनतालाई चिर्न रास्वपाको अबको रणनीति के हो ? त्यो यो महाधिवेशनबाट प्रस्ट आउनुपर्छ । सत्ताको आसनमा बसेर पुराना दलहरूले जस्तै 'परिणाम दिन नसके यसको अर्थ हुँदैन' भन्दै केवल लाचारी व्यक्त गर्ने छुट अब नेतृत्वलाई छैन ।

सभापति रवि लामिछानेले महाधिवेशनबाट एकताको सन्देश दिने कुरा गरिरहँदा, त्यो एकता केवल शीर्ष नेताहरूको 'पावर सेयरिङ' मा मात्र सीमित हुनु हुँदैन । प्रधानमन्त्री शाह र सभापति लामिछानेबीचको शक्ति समीकरण राष्ट्रिय हित र स्थिरताका लागि हो भने त्यसले परिणाम दिनैपर्छ ।

रास्वपाका पाँच लाखभन्दा बढी साधारण सदस्य र देशभरबाट चितवन पुगेका झण्डै चार हजार प्रतिनिधिहरूले पार्टीलाई एउटा व्यक्ति वा गुटकोभन्दा पनि आमनेपालीको भरोसायोग्य साझा घर बनाउन विवेक प्रयोग गर्नुपर्ने बेला आएको छ । इतिहास साक्षी छ- नेपाली जनताले जति चाँडो दलहरूलाई सत्ताको शिखरमा पुऱ्याउँछन्, म्याण्डेट बिर्सिएमा त्यति नै चाँडो सडकमा पछारिदिन्छन् । रास्वपाले पुराना दलका विकृतिहरूलाई गाली गरेर पाएको जनमतको ब्याज खाइसकेको छ, अब आफ्नो कार्यसम्पादन र आन्तरिक लोकतन्त्र पुष्टि गरेर सावाँ जोगाउने बेला हो ।

पहिलो महाधिवेशनको ऐतिहासिक सफलताको शुभकामना दिँदै, नेतृत्वलाई सत्ताको रापतापमा भुलेर भुइँमान्छेको त्यो म्याण्डेट नबिर्सन फेरि पनि सचेत गराउन चाहन्छु ।

**- कल्पना पौडेल**

भरतपुर, चितवन (हाल क्यानाडा)



**डेंगी संक्रमण रोकथाम अभियान** | संखुवासभाको सदरमुकाम खाँदबारीमा शनिबार डेंगी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि लामखुट्टेको फुल नष्ट गर्ने अभियानमा सहभागी । *तस्बिरः रासस*

# धवलागिरिका दुर्गम गाउँमा सडक सञ्जालको पहुँच

**बेनी (म्याग्दी)–** अग्लाअग्ला भिरपाखा । कठिन पहाडी भूगोल । विकासको आधारभूत सुविधा नभएका बस्ती । एक गाउँबाट अर्को गाउँ पुग्न घण्टौंसम्म उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता । विगतका वर्षहरूमा म्याग्दीको धवलागिरि गाउँपालिकाको चिनारी यस्तै दुर्गम र विकट भूगोलको संघर्षका कथाबाट हुने गर्थ्यो । तर समयसँगै त्यो चित्र फेरिँदै गएको छ । सडक पूर्वाधारको विस्तारसँगै धवलागिरिका दुर्गम गाउँबस्तीमा विकासका सुविधा उक्लन थालेका छन् ।



सडक यातायातको क्षेत्रमा गाउँपालिकाले हासिल गरेको उपलब्धिले वर्षौंदेखि दुर्गम र विकटताको पहिचान बोकेका बस्तीलाई क्रमशः सहज पहुँचको सुविधामा ल्याउन थालेको छ । धवलागिरि गाउँपालिका-१ गुर्जामा सडक सञ्जालको पहुँच पुगेसँगै म्याग्दीका ४५ वटै वडामा सडक सञ्जालको पहुँच विस्तार भएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए ।

'यो वर्षमात्रै गुर्जामा सडकको पहुँच पु्याउन सफल भयौं, अब यसलाई स्तरोन्नति गरेर नियमित सञ्चालन हुने सडक बनाउनेतर्फ पहल थालेका छौं, सडक निर्माणले स्थानीयलाई यातयातको सुविधा दिएको छ, सँगै गाउँमा हुने कृषि र पशुजन्य उत्पादनको बजारीकरणमासमेत सघाउने विश्वास लिएका छौं,' अध्यक्ष पुनले भने । विसं २०७९ मा भएको स्थानीय तह निर्वाचनसम्म मुना र खोरियाको बीचमा पर्ने मतलाको अक्करे भिरमा रोकिएको सडकलाई गाउँपालिकाले प्राथमिकताका साथ अघि बढाएर लुलाङहुँदै गुर्जामा सडक पुगेको हो ।

प्रदेश र संघीय सरकारका साथै गाउँपालिकाबाट प्राथमिकताका साथ बजेट विनियोजन भएपछि वडा नं २ लुलाङदेखि गुर्जासम्मको करिब २२ किलोमिटर लामो सडकको ट्र्याक निर्माणले पूर्णता पाएको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिए । आर्थिक वर्ष २०८०/८१ देखि लुलाङबाट गुर्जा जोड्ने सडक निर्माण सुरु भएको थियो । पहिलो वर्ष संघ, प्रदेश र स्थानीय सरकारको दुई-दुई करोड रूपैयाँ साझेदारीमा छ करोड रूपैयाँ, दोस्रो वर्ष संघ र स्थानीय सरकारको ३५-३५ लाख रूपैयाँ गरी ७० लाख रूपैयाँ र चालु आवमा संघीय सरकारको एक करोड ४० लाख तथा स्थानीय सरकारको ३५ लाख गरी एक करोड ७५ लाख रूपैयाँ बजेटलाई ठेक्कामार्फत परिचालन गरेर गुर्जालाई सडक सञ्जालमा जोडिएको गाउँपालिकाले जनाएको छ ।

सडक सञ्जालको पहुँच नहुँदा गुर्जाबाट गाउँपालिकाको केन्द्र मुना आउन सर्वसाधारणले एक दिनको पैदलयात्रा गर्नुपर्ने बाध्यता थियो । अहिले सडक सुविधाले पालिकाको सेवा लिन गाउँपालिका आएका नागरिक एकैदिनमा घर फर्कन सक्ने सुविधा भएको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण सुरु गरेको छ ।

गाउँपालिकाभित्र पछिल्लो चार वर्षको अवधिमा भएका भौतिक पूर्वाधारमध्ये सडक सञ्जालको पहुँच निर्माण सबैभन्दा ठूलो उपलब्धिको रूपमा रहेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले जानकारी दिए । उनका अनुसार यस अवधिमा महतलाको भिरमा रोकिएको सडक लमसुङ, लुलाङ हुँदै गुर्जा, मरेनीदेखि पर्यटकीयस्थल जलजला-गुर्जाघाट हुँदै ढोरपाटन सडक सञ्जालमा जोडिएका छन् । मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प र म्याग्दीको मंगला, मालिका र धवलागिरि गाउँपालिकाको 'लाइफलाइन' मानिएको बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन सडक काठमाडौं र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वीरुकुम जोड्ने छोटो दूरीको सडक पनि हो ।

चालु आवमा संघीय सरकारले विनियोजन गरेको पाँच करोड रूपैयाँ बजेटबाट सडक डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको योजनामार्फत म्याग्दीको धवलागिरि-२ मरेनीदेखि ढोरपाटनको जलजलासम्म सडकको ट्र्याक निर्माण भएको हो । वडा नं ४ मुदीमा निर्माणाधीन जलविद्युत् आयोजनामार्फत खिबाङ, बगर, दोभान, चेचुङलगायत बस्तीमा सडक सञ्जालको पहुँच पुगेको छ भने नेरवाङ बस्तीमा सडक विस्तार भइरहेको छ ।

मुदीको बगर फेदीबाट सिंकोस बगरमा र मल्कबाङदेखि भेडिखाल्टा बस्तीमा सडक सञ्जालको पहुँच पु्याउन बाँकी छ । चालु आवमा गाउँपालिकाबाट विनियोजन भएको ३० लाख रूपैयाँ बजेटबाट सडकको ट्र्याक निर्माण भए पनि भेटिखाल्टामा सडकको ट्र्याक जोडिएको छैन । पालिकाले माग गरेबमोजिम संघीय सरकारबाट आगामी वर्षका लागि संघीय समपूरक कोषअन्तर्गत ८५ लाख रूपैयाँ बजेट विनियोजन भएकाले आगामी वर्ष भेडिखाल्टामा सडकको पहुँच पुग्ने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए ।

पहाडी जटिल भूगोलको चुनौतीकाबीच यस वर्ष धवलागिरिका अधिकांश गाउँबस्तीमा सडक सञ्जालको पहुँच विस्तार हुनुले यस पालिकाका स्थानीयमा विकासप्रतिको सकरात्मक धारणाको विकास गराएको छ । पहिले पैदलयात्रामा निर्भर रहनुपर्ने स्थानीय अहिले गाउँसम्मै सडक पुगेपछि दैनिक जीवन, कृषि उत्पादनको ढुवानी, स्वास्थ्य सेवा तथा शिक्षाजस्ता आधारभूत सेवामा सहजता अनुभव गर्न थालेका छन् ।

सडक पुगेसँगै दुर्गम बस्ती विकास र समृद्धिको मूलधारसँग जोडिने क्रमले गति लिएको छ । कुनै समय दुर्गमताको पर्याय मानिने धवलागिरिमा आज सडक सञ्जाल विस्तारमार्फत सर्वसाधारणलाई परिवर्तनको आभास दिलाएको छ । गाउँ-गाउँमा पुगेको सडकले स्थानीयको जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनुका साथै विकासका सम्भावनाका नयाँ ढोका पनि खोलिदिएको छ । *रासस*

# मानवबस्ती नजिकै बालुवा प्रशोधन प्लाण्ट सञ्चालन गर्न अनुमति, विरोधमा स्थानीय

**सुनसरी (प्रस)–** इटहरी उपमहानगरपालिकाले मानवबस्ती नजिकै बालुवा प्रशोधन प्लाण्ट सञ्चालनका लागि अनुमति दिएपछि स्थानीयले विरोध गरेका छन् । उनीहरूले कानुनी तथा वातावरणीय मापदण्डविपरीत अनुमति दिएको भन्दै विरोध जनाएका हुन् ।



उपमहानगरपालिकाको वडा नम्बर ३ स्थित त्रिवेणी चोक क्षेत्रमा त्रिवेणी बूढासुब्बा मल्टिपर्पोज प्रालिलाई बालुवा प्रशोधन प्लाण्ट सञ्चालन गर्न दिएको अनुमति विवादमा तानिएको छ । बस्ती, विद्यालय तथा मन्दिरको नजिकै पर्ने सो स्थानमा प्लाण्ट सञ्चालन गर्न दिने उपमहानगरको निर्णय गलत भएको स्थानीयको भनाइ छ ।

उपमहानगरपालिकाका वातावरण शाखा प्रमुख पुष्पनारायण चौधरीले आवश्यक सबै प्रक्रिया पूरा गरेर अनुमति दिइएको बताए । नगरप्रमुखको स्वीकृतिमा प्लाण्ट सञ्चालनको अनुमति दिइएको उनको भनाइ छ । उनका अनुसार वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनसमेत स्वीकृत भइसकेको छ ।

यस विषयमा इटहरी-३ का वडाध्यक्ष उमेश सुवेदी भने अनभिज्ञ देखिएका छन् । उनले प्लाण्ट सञ्चालनका लागि वडा कार्यालयबाट कुनै सिफारिस ददिइएको र उपमहानगरले दिएको अनुमतिबारे औपचारिक जानकारी नभएको बताए । सरोकारवालासँग छलफल र पर्याप्त जानकारी नै नदिई अनुमति दिइएको भन्दै गुनासो पोखे ।

प्लाण्ट सञ्चालन गर्न अनुमति दिइएको क्षेत्र आवासीय बस्तीबाट केही मिटरको दूरीमै रहेको छ । यस नजिकै पाथीभरा मन्दिर, सन्राइज स्कुल र शिखर एकेडेमीसमेत रहेका छन् । स्थानीयवासीले अनुमति दिइएको स्थानमा प्रशोधन प्लाण्ट सञ्चालन गर्दा धूलो, ध्वनि तथा वातावरणीय प्रदूषणले त्यस क्षेत्रका बासिन्दालाई प्रभावित पार्नेतर्फ उपमहानगरलाई सचेत गराएको छ ।

# पोखरा बसपार्कभित्रका ३२० सटर हटाइयो

**कास्की–** पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्कको जग्गामा अनधिकृतरूपमा बनाइएको बास्तोला कम्प्लेक्सका ३२० सटरलगायत संरचना महानगरले शनिबार डोजर प्रयोग गरी हटाएको छ ।

पोखरा बसपार्क निर्माणको अभियानमा रहेको महानगरपालिकाले पृथ्वीचोकस्थित सेती नदीपट्टिको बास्तोला कम्प्लेक्स हटाएको हो । महानगरपालिका र जग्गाधनीकाबीचमा संरचना हटाउने सहमतिअनुसार व्यवसायीले सटर खाली गरेका थिए ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कम्प्लेक्सका सञ्चालक र त्यहाँ व्यवसाय गरेर बसिरहेका व्यवसायीसँग निरन्तर छलफल तथा संवादपछि खाली गर्ने सहमति भएको बताए । उनका अनुसार बसपार्क निर्माण गर्ने अभियानमा सहयोग गर्ने समझदारीका साथ कम्प्लेक्स पूर्णरूपमा हटाइएको हो ।

'हामीले जग्गाधनीसँग सहमति गरेका थियौं । सोहीअनुसार खाली गरिएको हो । सुकुम्बासी बस्तीमा भने व्यवस्थापन नगरी हटाउने छैनौं,' उनले भने । महानगरले यसअघि असार ४ गते बसपार्क प्रवेशद्वारमा रहेका सटरमा डोजर चलाएको थियो ।

महानगरपालिकाले खाली गरेको बास्तोला कम्प्लेक्सको जग्गा व्यक्तिका नाममा दर्ता भएको पाइएको छ । विसं २०३० मा बसपार्कका लागि अधिग्रहण गरिएको भए पनि पछि पोखरा उपत्यका नगर विकास समितिले अधिग्रहित जग्गाभित्र सट्टाभर्ना तथा घडेरी वितरण गर्ने निर्णय गरेको थियो ।

महानगरले पछिल्लो समय जग्गा सट्टाभर्नाको निर्णयलगायतका विषयमा छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा न्यायिक समितिसमेत गठन गरेको छ । सो समितिको प्रतिवेदन अझै पेस हुनसकेको छैन । महानगर प्रमुख आचार्यले लालपुर्जा भएका जग्गाधनीको छानबिन पनि द्रुतगतिमा भइरहेकाले केही दिनमै वास्तविकता सार्वजनिक हुने बताए ।

पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बसपार्कको सम्पूर्ण जग्गा खाली गरिने बताए । उनले बसपार्कको जग्गा अतिक्रमण गरी बसेका सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनको काम पनि अघि बढाइएको बताए । महानगरले यही असार ४ गतेदेखि बसपार्कका संरचना हटाउन सुरु गरेको हो ।

'बसपार्कको ठूलो क्षेत्रभित्र बसेका वास्तविक सुकुम्बासीको अन्यत्र व्यवस्थापन गरेरमात्र सो क्षेत्रमा डोजर चल्छ । अहिले सुकुम्बासीको अन्यत्र जग्गा भए/नभएको बारेमा छानबिन भइरहेको छ,' वडाध्यक्ष मर्सानीले भने ।

महानगरले सुकुम्बासी बस्तीका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको 'डकुमेन्ट भेरिफिकेसन' सम्पन्न भएको र बाँकीकोसमेत छिट्टै सकिने जनाएको छ । महानगर प्रमुख आचार्यले केही सुकुम्बासीले तीनपुस्ते सही विवरण नदिएको तथा झूटा विवरणसमेत दिएको पाइएको बताउँदै छानबिनका लागि समय लागेको बताए । *रासस*

# पानीको अभावले मर्चवार लिफ्ट सिँचाइ सञ्चालनमा समस्या

**देवदह (रूपन्देही)–** तिनाउ नदीमा पानीको सतह घटेपछि मर्चवार लिफ्ट सिँचाइ आयोजनाको पम्पस्टेसन सञ्चालनमा समस्या भएको छ । रोपाइँका साथै कतिपय स्थानमा बीउ राख्ने समयमा नदीमा पर्याप्त पानी नहुँदा सिँचाइ सेवा प्रभावित बनेको हो ।

मर्चवार लिफ्ट सिँचाइ जल उपभोक्ता संस्थाका अध्यक्ष राजेन्द्र यादवका अनुसार लामो समयदेखि वर्षा नहुँदा तिनाउ र दानव नदीमा पानीको सहत घट्दै गएपछि समस्या भएको हो । नदीमा पानीको सतह पम्पले पानी तान्न मिल्ने न्यूनतम स्तरभन्दा तल झरेपछि नियमित सिँचाइ सेवा पु्याउन कठिनाइ भएको उनले बताए ।

अध्यक्ष यादवले भने, 'रोपाइँ सुरु भइसकेको छ । किसान सिँचाइका लागि मर्चवार लिफ्ट आयोजनामा निर्भर छन् । तर, नदीमा पर्याप्त पानी नहुँदा पम्प नियमित सञ्चालन गर्न समस्या भइरहेको छ । पाँचवटा पम्प जडान भए पनि पानीको अभावका कारण हाल तीन वटा पम्पमात्र सञ्चालनमा छन् ।' उनका अनुसार दानव नदीबाट बग्ने पानीलाई रोक्न कम्तीमा पाँच फिट उचाइको बाँध (ड्याम) निर्माण गर्न सके नियमितरूपमा पानी आपूर्ति गर्न सहज हुनेछ ।

पम्पस्टेसन प्रबन्धक अकरम खानले नदीको पानी आयोजनाको डिजाइनअनुसार तोकिएको न्यूनतम स्तरभन्दा करिब १.५ मिटर तल झरेको जानकारी दिए । यस्तो अवस्थामा पम्प सञ्चालन गर्दा मोटर तथा अन्य उपकरणमा क्षति पुग्ने जोखिम बढेकाले चलाउन नसकिएको उनको भनाइ छ ।

'विद्युत् आपूर्ति र उपकरणको अवस्था राम्रो छ । तर, पानीको अभावका कारण लामो समयसम्म मोटर चलाउँदा उपकरण बिग्रिन सक्ने सम्भावना भएकाले सावधानी अपनाउनुपरेको हो,' खानले भने । हाल तिनाउ नदीका विभिन्न भागमा पानी सुकेर घाँस उम्रिन थालेको छ । नदी किनारका जमिन चिरा पर्न थालेका छन् भने बीच भागमा बालुवा र माटो देखिन थालेको छ । यस्तो अवस्थाले सिँचाइमामात्र नभई समग्र कृषि उत्पादनमा समेत गम्भीर असर पार्ने संकेत देखिएको उनले बताए ।

यसैबीच, रोपाइँका समयमा पर्याप्त पानी नपाउँदा किसान चिन्तित बनेका छन् । कतिपय किसानले रोपेको धान सुक्ने डर व्यक्त गरेका छन् भने केहीले अझै रोपाइँ सुरु गर्न सकेका छैनन् । आकाशे पानीको भरमा बसेका किसानहरू दिनहुँ वर्षा हुने आशामा आकाशतिर हेर्न बाध्य छन् ।

मर्चवार क्षेत्रको कृषि उत्पादन मुख्यतः उक्त सिँचाइ आयोजनाको पानीमा निर्भर छ । यदी पानीको अभाव हुँदै गएमा धान उत्पादनमा कमी आउने र किसानहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्थाको सिर्जना हुनसक्ने स्थानीय हृदयराम गुप्ताले बताए ।

स्थानीय बासिन्दाका अनुसार मर्चवार लिफ्ट सिँचाइ आयोजनाले खेतीपातीका साथै भू-जलको सतह सन्तुलित राख्नसमेत महत्त्वपूर्ण भूमिका खेलेको छ । आयोजनाबाट पर्याप्त पानी आपूर्ति हुन नसके भविष्यमा खानेपानीको स्रोतमासमेत असर पर्नसक्ने भन्दै स्थानीयहरूले चिन्ता व्यक्त गरेका छन् । *रासस*


**कुवेतमा रोजगार**

कम्पनी : RATAWY GENERAL TRADING CONTRACTING CO. W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०७ | LT. No. 309105 | चलानी नं. ६०२२३६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rigger Grade 1 | 3 | 0 | 110 | ५३,८६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 12 | 0 | 100 | ४८,९७० | | | | | | | |
| 3 | Forklift Operator/machine operators | 4 | 0 | 170 | ८३,२४५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np

**कतारमा रोजगार**

कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०९/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०७ | LT. No. 314284 | चलानी नं. ६०२२८६०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ४१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DELWAN QATAR

पूर्व स्वीकृति मिति : २०८१/१२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०७ | LT. No. 320936 | चलानी नं. ६०२३५०६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1100 | ४५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Worker | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 4 | Decor Wood Worker | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 5 | Digger | 4 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 7 | Mason (Nepal) | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 8 | Painter | 5 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 9 | Pipe Fitter | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 10 | Plaster Worker | 2 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 11 | Tile Maker | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |

कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०७ | LT. No. 333651 | चलानी नं. ६०२४७३५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Mason | 1 | 0 | 1100 | ४५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 3 | Brick Mason | 7 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 4 | Building Worker/mason | 2 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 6 | Electric | 5 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 7 | Electric Tech | 3 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 8 | Mason | 3 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 9 | Mason. | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 10 | Painter | 9 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 11 | Pipe Fitter | 2 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 12 | Pipe Fitter | 4 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 13 | Pipefitter | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 14 | Plaster Worker | 9 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 15 | Plaster Worker (Plaster Mason) | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 16 | Plumber | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 17 | Plumber | 4 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 18 | Plumber Assistant | 1 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 19 | Receptionist | 1 | 0 | 2200 | ९१,१२० | | | | | | | |
| 20 | Reinforc Fitter | 4 | 0 | 1100 | ४५,५६० | | | | | | | |
| 21 | Tile Maker | 6 | 0 | 1100 | ४५,५६० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १५ गते (29th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८७३०० | प्रति तोला – ० | प्रति तोला – ४६९० |



**हेटौंडा कपडा उद्योगको भवन** | मकवानपुरस्थित हेटौंडा औद्यागिक क्षेत्रभित्र रहेको हेटौंडा कपडा उद्योगको भवन । हेटौंडा औद्योगिक क्षेत्रभित्र २०३२ सालमा स्थापना भएर २०३५ बाट सञ्चालित हेटौंडा कपडा उद्योग २०५७ देखि बन्द भएको थियो । यस उद्योगलाई सरकारले पुनः सञ्चालनमा ल्याउने तयारी गरेको छ । *तस्बिरः रासस*

## आगामी आवमा सिञ्चित खेतीयोग्य क्षेत्र ६४ प्रतिशत पुऱ्याउने लक्ष्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षमा थप १५ हजार ७७६ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आगामी आर्थिक वर्ष देशको कूल सिञ्चित खेतीयोग्य क्षेत्र ६४ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरेको हो ।

मन्त्रालयले सिँचाइ विस्तार, नदी नियन्त्रण तथा राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ । हाल देशभर कूल १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

सिँचाइयोग्य भूमिमध्ये वर्षभरि नै सिँचाइ सुविधा पुगेको भूमि पाँच लाख ३२ हजार ९० हेक्टर रहेको छ । कृषियोग्य जमिनमा लिफ्ट र जलाशय सिँचाइ सुविधा पाँच हजार ६७१ हेक्टरमा पुगेको छ । निर्माणमा क्रममा रहेका तथा मर्मतसम्भार गर्नुपर्ने आयोजनालाई पनि उत्तिकै प्राथमिकतामा राखिएको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जानकारी दिए ।

उक्त मन्त्रालयका अनुसार संघीय सरकारको कार्यक्षेत्रभित्र पर्ने ८४ वटा नदीमा हालसम्म एक हजार ५२४ किलोमिटर तटबन्ध निर्माण सम्पन्न भइसकेको छ । सो कार्यबाट १३ हजार ८२१ हेक्टर जग्गा उकासिएको छ । आगामी आर्थिक वर्षमा थप ७० किलोमिटर तटबन्ध निर्माण सम्पन्न गरी २१० हेक्टर जमिन उकास्ने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ ।

सरकारले सिँचाइ क्षेत्रका पुराना तथा रणनीतिक महत्त्वका आयोजनालाई समयमै सम्पन्न गर्न विशेष जोड दिइएको मन्त्री श्रेष्ठको भनाइ छ । निर्माण व्यवसायीका कारण गति लिन नसकेको भेरी-बबई 'डाइभर्सन' बहुउद्देश्यीय आयोजना र सुनकोशी-मरिन डाइभर्सन आयोजनालाई गति दिन सम्पूर्ण जोडबल लगाउने मन्त्रालयले तयारी गरेको छ ।

सिक्टा सिँचाइ आयोजना, तथा रानी-जमरा-कुलरिया सिँचाइ आयोजनालाई उच्च प्राथमिकतामा राखिएको छ । सुनसरी-मोरङ सिँचाइ आयोजना, चन्द्र नहर, कमला सिँचाइ, नारायणी सिँचाइ आयोजना, गण्डक सिँचाइ प्रणाली तथा कोशी पम्प सिँचाइको मर्मत, सम्भार र पुनर्स्थापनालाई समेत प्राथमिकतामा राखिएको छ । सिँचाइका राष्ट्रिय गौरवका आयोजनाका लागिमात्रै १० अर्ब २४ करोड ६८ लाख रूपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

सतह सिँचाइबाट सुविधा पुग्न नसकेका क्षेत्रमा भूमिगत जल र लिफ्ट सिँचाइ प्रणालीको विकासलाई पनि प्राथमिकतामा राखिएको छ । तराई-मधेसका करिब तीन लाख १८ हजार हेक्टर कृषियोग्य जमिनमा उपलब्ध भूमिगत जलभण्डारलाई उपयोग गरी क्लस्टरमा आधारित भूमिगत जल सिँचाइ प्रणाली विकास गर्न एक अर्ब ८४ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

यसैगरी, सिँचाइ सुविधा नपुगेका कृषियोग्य टार क्षेत्रमा लिफ्ट प्रविधिमार्फत सिँचाइ विस्तार गर्न ८० करोड २८ लाख रूपैयाँ विनियोजन गरिएको छ । यो कार्यक्रमबाट कृषि उत्पादन वृद्धि हुनाका साथै स्थानीय स्तरमा रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धनमा योगदान पुग्ने विश्वास गरिएको छ ।

कर्णाली प्रदेशमा नागरिकको जीवनस्तर उकास्न, खाद्य सुरक्षा सुदृढ गर्न तथा स्थानीय बाली संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले एकीकृत कर्णाली सिँचाइ विकास तथा नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ । यसका साथै नदी बेसिन तथा टार-बजार संरक्षण कार्यक्रम र भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाका लागि ९२ करोड २३ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

नदीलाई जलस्रोतको मात्र आधार नभई मानव सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वसँग जोडिएको सम्पदाका रूपमा संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिएको जनाइएको छ। धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्त्व बोकेका नदीको वैज्ञानिक अध्ययन गर्ने, नदीसँग जोडिएका आदिवासी समुदायका परम्परा, जीवनशैली र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्ने कार्यक्रम पहिलोपटक समावेश गरिएको छ ।

## डिजिटल सीपमार्फत आत्मनिर्भर बन्न युवालाई प्रेरणा

■ प्रभाव संवाददाता

**ललितपुर–** डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै युवालाई आधुनिक बजार प्रणाली र व्यवसाय प्रवर्द्धनका सीप प्रदान गर्ने उद्देश्यले गोदावरीमा आयोजित दुई दिने डिजिटल मार्केटिङ तालिम सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ ललितपुर शाखाको समन्वय तथा बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको वित्तीय सहयोगमा सञ्चालन गरिएको तालिममा गोदावरी क्षेत्रका युवाहरू सहभागी भएका थिए । तालिममा डिजिटल मार्केटिङ, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग, कृत्रिम बौद्धिकता (एआई), सामग्री निर्माण तथा अनलाइन बजार व्यवस्थापनका विषयमा व्यावहारिक प्रशिक्षण दिइएको थियो ।




समापन कार्यक्रममा वक्ताहरूले डिजिटल सीप आजको आवश्यकता मात्र नभई रोजगारी, उद्यमशीलता र आर्थिक सशक्तीकरणको आधार बनेको बताए । गोदावरी नगरपालिका-३ का वडाध्यक्ष राज घिमिरेले प्रविधिको विकासले युवाका लागि नयाँ अवसर सिर्जना गरेको उल्लेख गर्दै यस्ता तालिमले आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

बागमती प्रदेशका प्रेस रजिस्ट्रार रेवती सापकोटाले बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्न डिजिटल ज्ञान अनिवार्य बन्दै गएको बताए। एआई तथा आधुनिक प्रविधिको प्रयोगले कामलाई छिटो, गुणस्तरीय र प्रभावकारी बनाउन सकिने उनको भनाइ थियो ।

अनलाइन पत्रकार संघका अध्यक्ष जीवन भण्डारीले डिजिटल मार्केटिङको ज्ञान व्यवसाय, पेसा र व्यक्तिगत विकासका लागि उपयोगी हुने उल्लेख गरे । उनले तालिमबाट सिकेका सीपलाई व्यवहारमा उतार्न सहभागीहरूलाई आग्रह गरे ।

प्रशिक्षक शिवहरि घिमिरेले डिजिटल माध्यमको प्रभावकारी प्रयोगविना आजको व्यवसाय सफल हुन कठिन रहेको बताए । उत्पादनलाई सही ग्राहकसम्म पुऱ्याउन डिजिटल प्लेटफर्मको भूमिका महत्त्वपूर्ण रहेको उनको भनाइ थियो। नेपाल पत्रकार महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले तालिमले युवाहरूलाई प्रविधिमैत्री बनाउँदै स्थानीय उत्पादन तथा व्यवसायको बजार विस्तारमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

दुई दिनसम्म सञ्चालन भएको तालिममा राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्ष प्रदीपराज वन्त र पोलिगन कलेजका प्राध्यापक योगेन्द्रबहादुर महतालेसमेत सहजीकरण गरेका थिए ।

## सानिमा लाइफलाई 'कर्पोरेट लाइफ इन्स्योरेन्स अफ द इयर' अवार्ड

**काठमाडौं (प्रस)–** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले 'कर्पोरेट लाइफ इन्स्योरेन्स अफ द इयर' अवार्ड प्राप्त गरेको छ ।

कर्पोरेट मिडिया ग्रुपले आयोजना गरेको १८औं संस्करणको 'कर्पोरेट बिजनेस समिट एण्ड अवार्ड २०२६' मा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले उक्त अवार्ड प्राप्त गर्न सफल भएको हो । कम्पनीले जीवन बिमा क्षेत्रमा पुऱ्याएको उत्कृष्ट योगदान, नवीन सेवाहरू तथा ग्राहकप्रति समर्पित प्रतिबद्धताको कदरस्वरूप यो सम्मान प्रदान गरिएको जानकारी दिइएको छ ।




सो समारोहमा नेपालको निजी क्षेत्र, बैंकिङ, बिमा, उद्योग, स्वास्थ्य, ऊर्जा तथा उद्यमशीलता क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान गरिएको थियो ।

## मुस्ताङ भन्सारबाट ११ महिनामा सात अर्ब ६६ करोड संकलन

**मुस्ताङ–** उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-२ न्हेचुङमा अवस्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षको ११ महिनामा सात अर्ब ६६ करोड ८५ लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ। चालु आवको साउनदेखि जेठ मसान्तसम्म नेपाल-चीन उत्तरी कोरलानाकाबाट भएको निकासी तथा पैठारी मालवस्तुबापत मुस्ताङ भन्सार कार्यालयले उक्त परिमाणमा राजस्व संकलन गरेको हो ।

कार्यालयका प्रमुख विदुर चुडालका अनुसार नेपाल-चीन उत्तरी कोरलानाकाबाट १३ अर्ब ८९ करोड ५२ लाख रूपैयाँ मूल्यबराबरको मालवस्तु पैठारी भएको छ। यसैगरी २० करोड ५५ लाख ७४ हजार मूल्य बराबरको मालवस्तु भन्सार जाँचपास भई चीनतर्फ निकासी भएको भन्सार प्रमुख चुडालले जानकारी दिए । उनका अनुसार यस नाका गत ३१ भदौदेखि पूर्णरूपमा सञ्चालनमा आएको हो ।

गत जेठसम्म दुई हजार ९९७ वटा विद्युतीय सवारीसाधन (इभी) कोरलानाबाट भन्सार जाँचपास भई नेपाल भित्रिएका कार्यालयले जनाएको छ । भन्सार प्रमुख चुडालका अनुसार चीनबाट पैठारी गरिएका विद्युतीय सवारीसाधनबाट करिब सात अर्ब रूपैयाँ राजस्व संकलन भएको छ।

गत वर्ष उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका लागिमात्रै खुल्ला भएको कोरला वैकल्पिक नाकाका रूपमा सञ्चालनमा ल्याइएको हो । कोरलानाका हुँदै निकासी तथा पैठारी गरिएबापत मुस्ताङ भन्सार कार्यालयले चालु आवको साउनमा सबैभन्दा कम सात लाख ५७ हजार र असोजमा सबैभन्दा बढी दुई अर्ब ४९ करोड २५ लाख रूपैयाँ राजस्व संकलन गरेको कार्यालयका प्रमुख चुडालले जानकारी दिए ।

कोरलानाकाबाट विद्युतीय सवारीसाधनसहित चाडपर्व लक्षित लत्ताकपडा, इलेक्ट्रोनिक उपकरण, जुत्ताचप्पल, किराना सामग्री, कस्मेटिकलगायत मालवस्तु नेपाल भित्रिने गरेका छन् । *रासस*

विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरूरी सूचना

यस प्रभाव राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानीका लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८३ असार २५ गतेभित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

हार्दिक बधाई तथा शुभकामना



सिक्योर नेपाल जब प्लेसमेन्ट प्रा. लि. का अध्यक्ष सुमनराज पाण्डे नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोशियसनको १३औं अधिवेशनबाट महासचिव जस्तो गरिमामय र महत्वपूर्ण पदमा निर्वाचित हुनुभएकोमा उत्तरोत्तर प्रगतिको कामनासहित पुर्ण सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

इन्डेक्स रिक्रुटमेन्ट प्रा. लि.
चावहिल-७, काठमाडौं, नेपाल
सम्पर्क: ०१-५९११४४३ Email: info@indexrecruitment.com.np
Index Recruitment Pvt.Ltd.

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ